# ९ तपाईं को हुनुहुन्छ त्यसलाई सम्हालेर राख्नुहोस्

*<u>यस अध्यायका मूल पदहरू:</u>* २ पत्रुस १:१-१५, एफिसी २:८, रोमी ५:३-५, हिब्रू १०:३८, रोमी ६:११ र १ कोरन्थी १५:१२-५७।

*<u>यस अध्यायको कण्ठ गर्नुपर्ने मूल सार पद:</u>* **"त्यसकारण तिम्रो आस्था तथा विश्वासमा असल गुण वा असल स्वभाव जोड्न धेरै प्रयास गर्नुपर्छ। असल स्वभावमा ज्ञान थप। ज्ञानमा तिमीहरूले आफैलाई नियन्त्रण गर्न सक्ने खुबी थप। जब तिमीहरूले आफूहरूलाई नियन्त्रण गर्न सक्षम हुन्छौ तब त्यो खुबीलाई निरन्तरता दिन बल थप। आफ्नो जीवनलाई बलद्वारा निरन्तरता दिन सक्ने भएपछि धार्मिकता वा ईश्वरीय स्वभाव थप। जब तिमीहरूमा ईश्वरीय स्वभाव वा धार्मिकताको स्वभाव हुन्छ तब एक आपसमा दयावन्त हुने गुण थप। जब तिमीहरू एक आपसमा दया देखाउँछौ तब त्यसमा प्रेम थप।" २ पत्रुस १:५-७ रूपान्तरित।**

**२ पत्रुस १:१-१४ यस अध्यायको मूल विषयबस्तु हो।** हामी विश्वास अर्थात् आस्थालाई आत्मसात् गरेर कसरी असल, पवित्र र धार्मिक जीवन बिताउने भनेर उपरोक्त १४ पदहरूले अर्थमूलक रूपमा पत्रुसले सिकाउँदछन्। येशूलाई समर्पित जीवन बिताउनेहरूलाई परमेश्वरले आफ्नो शक्ति वा बल दिनुहुन्छ र त्यस शक्तिद्वारा तिनीहरूहअ कस्तो काम गर्न खुबी हुन्छ भनेर पत्रुसले छलफल गर्दछन्। परमेश्वरको असल वा पवित्र स्वभाव अरूलाई कसरी बाँड्ने भन्ने अचम्मको आत्मज्ञानको बारेमा उनले चर्चा गर्छन् (२ पत्रुस १:४)। र यदि हामी त्यस गुणले सुसज्जित भएर हामी हिंड्न सक्यौं भने यस संसारको दुष्ट र जीवनलाई बिगार्ने शारीरिक अभिलाषाबाट मुक्त भएर बाँच्न सक्छौं भनेर उनले आफ्नो मनोभावना व्यक्त गर्छन्।

उपरोक्त चौध पदहरूमा पत्रुसले एक सूची इसाईहरूको सामु राख्दछन्। इसाई भनेर दावी गर्नेहरूको आचरण कस्तो छ र कामहरू कस्तो हुनुपर्छ भनेर कसैले खोजिनिति गर्न चाहन्छ भने त्यस सूचीले देखाउँदछ। ती असल कुराहरूलाई सही विश्वासीहरूको आदर्श गुण वा मौलिक स्वभाव पनि भनेर कहलाइन्छ। पत्रुसले ती गुणहरूलाई विशेष क्रम मिलाएर उल्लेख गर्दछन्। एउटा गुण वा असल स्वभावले अर्को स्वभावतिर डोऱ्याउँछ। अनि

त्यसबाट अर्को अनि अर्को गरेर आखिरमा कुनै पनि येशूभक्तलाई चाहिने अत्यन्त उच्च र महत्त्वपूर्ण गुणतिर पत्रुसले नजर राख्दछन्, त्यो होः प्रेम।

येशूमा जीवन र बिगतका पापहरू धोएर निर्दोष जीवन बिताउनु भनेको के हो भनेर विश्वासीहरूलाई पत्रुसले लेख्दछन् (२ पत्रुस १:९)। सदासर्वदा रहिरहने परमेश्वरको राज्यमा पाउने मुक्ति र अनन्त जीवनको प्रतिज्ञामा (२ पत्रुस १:११)मा कसरी अडिग बस्ने धारणा पनि पनि पत्रुसले लेख्दछन्।

अन्तमा, मानिस मरेपछि के हुन्छ भन्ने विषयमा पत्रुसले छोटकरीमा आफ्नो धारणा प्रस्तुत गर्छन्। केवल १४ पदहरूमा हामीलाई चाहिने धेरै आत्मज्ञान र गहिरो सत्य लुकेको छ। त्यसलाई हामीले ध्यान दिएर पढौं।

## १. अत्यन्त अनमोलको सत्य (२ पत्रुस १:१-७)

**येशू ख्रीष्टद्वारा हामीलाई के दिइएको छ भनेर २ पत्रुस १:१-४मा उल्लेख गरिएको पढ्नुहोस्। त्यस पदमा परमेश्वरको दया र क्षमाशीलताको सत्य आत्मज्ञानलाई कसरी उघारेको छ? हेर्नुहोस्ः "१ येशू ख्रीष्टको दास र प्रेरित सिमोन पत्रुसबाट, र हाम्रा परमेश्वर र मुक्तिदाता येशू ख्रीष्टको धार्मिकतामा हाम्रो जस्तै अनमोल विश्वास प्राप्त गर्नेहरूलाईः २ परमेश्वरको र येशू हाम्रा प्रभुको ज्ञानमा अनुग्रह र शान्ति तिमीहरूमा प्रशस्त हुँदैजाओस्। ३ आफ्नो महिमा र श्रेष्ठताद्वारा हामीलाई बोलाउनुहुनेलाई हामीले चिनेका हुनाले परमेश्वरको दिव्य शक्तिद्वारा जीवन र भक्तिको निम्ति हामीलाई चाहिने प्रत्येक थोक उहाँले दिनुभएको छ। ४ यसैद्वारा उहाँले हामीलाई उहाँको अनमोल र महान् प्रतिज्ञाहरू दिनुभएको छ, कि यस संसारका कुइच्छाबाट आउने भ्रष्टताबाट उम्केर तिमीहरू ईश्वरीय स्वभावमा सहभागी होओ।"**

"हामीहरूमा भएको जस्तो अमूल्य वा अनमोल विश्वास पाउनेहरूको" निम्ति भनेर उल्लेख गर्दै पत्रुसले आफ्नो दोस्रो पत्र सुरू गर्छन् (२ पत्रुस १:१)। "अमूल्य" भन्ने शब्दलाई "अनमोल" भनेर पनि अनुवाद गरिन्छ। त्यसको अर्थ "मूल्य तथा मान्यतामा बराबर" भएको देखाउँछ।

"जुन शब्द प्रयोग गरिएतापनि विश्वासीहरूले पाएको आस्था वा विश्वास अत्यन्त किमती वा अमूल्यको छ भनेर पत्रुसले जिकिर गर्छन्। तर त्यस विश्वास तिनीहरूको धर्मकर्मले आर्जन गरेको वा त्यो पाउन तिनीहरू योग्यको छ भनेर उनले भन्दैनन्। बरू त्यो त परमेश्वरको बरदान वा उपहार हो। पावलले पनि यसरी लेख्दछन्ः "तिमीहरूको विश्वास वा आस्था येशू

ख्रीष्टमा भएको कारणले तिमीहरूले परमेश्वरको अनुग्रह पाएका छौ जसले तिमीहरूलाई मुक्ति दिइएको छ। तिमीहरूको अथक प्रयास वा कुनै पनि धर्मकर्मले तिमीहरूले मुक्ति पाएका होइनौ। बरू त्यो त परमेश्वरको उपहार हो" (एफिसी २:८ रूपान्तरित)। त्यसको अर्थ येशूमा भएको परमेश्वरप्रतिको आस्था वा विश्वास अत्यन्त दामी छ जुन विश्वासबिना "परमेश्वरलाई खुशी पार्न असम्भव छ' (हिब्रू ११:६ रूपान्तरित)। र परमेश्वरले हामीलाई दिनुभएको धेरै अचम्मका प्रतिज्ञा वा कबूलहरूलाई पक्रिराख्ने साधन नै विश्वास हो।

हामीहरूको जीवनलाई अर्थपूर्ण बनाउन र पवित्र वा ईश्वरीय जीवन बिताउन हामीलाई चाहिने सबै थोक येशूले दिनुभएको छ भनेर पनि पत्रुसले औंल्याउँछन् (२ पत्रुस १:३)। परमेश्वरको शक्तिलेमात्र हामीले जिउन सकेकाछौं। उहाँको शक्ति वा बलले मात्र हामी धर्मी वा पवित्र हुनसक्छौं। त्यो शक्ति हामीलाई दिइएको छ किनभने हामीलाई रोज्ने परमेश्वरलाई हामीले चिनेका छौं (२ पत्रुस १:३। यूहन्ना १७:३मा पनि यही कुरालाई येशूले यसरी पुष्टि गर्नुहुन्छः "**अब अनन्त जीवन यही हो, कि तिनीहरूले तपाईं, एकमात्र सत्य परमेश्वरलाई चिनून्, र तपाईंले पठाउनुभएको येशू ख्रीष्टलाई चिनून्।**")।

परमेश्वरलाई प्रेम गर्न हामीलाई आह्वान गरिएको छ। तर परमेश्वरलाई कसरी प्रेम गर्ने भनेर हामीलाई थाहा छैन। येशू, बाइबल र परमेश्वरले सृष्टीगर्नुभएका प्राकृतिक बस्तुहरूद्वारा परमेश्वरको अस्तित्वको आत्मज्ञान हामीमा हुन्छ। र विश्वास वा आस्थाको जीवन बिताइरहँदा र परमेश्वरका आज्ञाहरूमुताविक चल्दा पाउने

अनुभवहरूद्वारा परमेश्वरलाई चिन्ने गुण हामीमा उम्रिरहेको हुन्छ। हामीहरूको जीवनमा उहाँले के गर्नुभयो र के गरिरहनुभएको छ सो थाहा पाएर वा अनुभव गरेरनै परमेश्वर कुनै काल्पनिक वा मानिसले सृष्टि गरेको दर्शन नभएर साँच्चिक्कै हुनुहुन्छ भनेर हामी जान्दछौं। त्यस आत्मज्ञानले हामीलाई परिवर्तन गर्दछ र उहाँले हामीलाई दिनुहुने अनुग्रहद्वारा परमेश्वरलाई चिन्ने खुबी हुन्छ।

अर्को, हामीलाई "अत्यन्त महान् र अनमोलका प्रतिज्ञाहरू" दिइएकाछन् भनेर पत्रुसले ठोकुवा गर्छन् (२ पत्रुस १:४ रूपान्तरित)। हामीलाई दिइएको धेरै प्रतिज्ञाहरूमा "परमेश्वरको धार्मिक वा पवित्र स्वभावमा हामी सम्मिलित हुन पाउने" पनि एक हो (२ पत्रुस १:४ रूपान्तरित)।

परमेश्वरले मानव जातलाई उहाँको रूपमा वा स्वरुपमा सृष्टि गर्नुभएको थियो। तर मानिसले आफ्नै रोजाइले चुनेका पाप र दुष्ट्याइँले गर्दा त्यो स्वरुप ध्वस्त भएकोछ र धेरै बिग्रन गएकोछ। त्यसकारण परमेश्वरको स्वभाव वा गुणमा हामी पस्रिन  हामीले पुनर्जन्म पाउनैपर्छ। त्यस नव जीवन अहिले नै पाउने उपहार हो। त्यस नव जीवन येशूमा हामी पाउँदछौं। जब हामीले हामीहरूको स्वइच्छाले येशूलाई विश्वास गरेर नयाँ जीवनको अनुभव गर्छौं तब उहाँले हामीमा हुनुपर्ने परमेश्वरको स्वरुपको निर्माण गर्ने काम सुरू गर्नुहुन्छ। तर यदि हामीमा त्यो परिवर्तन चाहन्छौं भने हामीहरूको आँखाले देख्न चाहेका, दिमागले सोच्ने, हृदयले जानेका र व्यवहारमा लागु गरेका खराब तत्वहरूबाट भाग्नै पर्छ।

**यदि तपाईंमा विश्वास वा आस्था भएन भने तपाईंको जीवन कस्तो हुनेहोला? तपाईंले दिने जवाफले तपाईंको आस्था कतिको मूल्यवान छ भनेर कसरी बुझाउन खोज्छ?**

## २. इसाई जीवनको लक्ष्य नै प्रेम गर्नु हो (२ पत्रुस १:५-७)

**देहायका पदहरूमा एउटै विषयबस्तुको बारेमा चर्चा गरिएको छ। त्यो के हो? हेर्नुहोस्: २ पत्रुस १:५-७ "५ यसैकारण सबै किसिमका प्रयत्नद्वारा तिमीहरूको विश्वासमा सद्‌गुण र सद्‌गुणमा ज्ञान थप, ६ ज्ञानमा आत्मसंयम, आत्मसंयममा धैर्य, धैर्यमा भक्ति, ७ भक्तिमा भातृ-स्नेह, भातृ-स्नेहमा प्रेम थप।", रोमी ५:३-५ "३ यति मात्र होइन, तर हामी आफ्नो सङ्कष्टमा रमाउँछौं, यो जानेर कि सङ्कष्टले सहनशीलता उत्पन्न गराउँछ, ४ सहनशीलताले चरित्र, र चरित्रले आशा उत्पन्न गराउँछ। ५ आशाले हामीलाई निराशा गराउँदैन, किनकि हामीलाई दिइएका पवित्र आत्माद्वारा परमेश्वरको प्रेम हाम्रा हृदयमा खन्याइएको छ।", याकूब १:२-४ "२ मेरा भाइ हो, तिमीहरूमाथि विभिन्न किसिमका आपत्-विपत् आइपर्दा तिनलाई पूरा आनन्दको कुरा सम्झ। ३ किनकि तिमीहरू जान्दछौ, तिमीहरूका विश्वासको जाँचले धैर्य उत्पन्न गराउँछ। ४ धैर्यलाई त्यसको पूरा काम गर्न देओ, ताकि तिमीहरूमा कुनै कुराको अभाव नभएर तिमीहरू परिपक्व र पूर्ण होओ।" र गलाती ५:२२-२४ "२२ तर पवित्र आत्माको फलचाहिँ प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्वस्तता, २३ नम्रता, संयम हुन्। यस्ता कुराहरूका विरुद्धमा कुनै व्यवस्था छैन। २४ तर तिनीहरू,**

**जो ख्रीष्ट येशूका हुन्, तिनीहरूले पापमय स्वभावलाई त्यसको वासना र लालसासहित क्रूसमा टाँगिदिएका छन्।"**

पौराणिक समयमा चिन्तक वा समाजका विद्वान वर्गले मानिसमा प्रायजसो हुनुपर्ने सद्‌गुण वा आदर्श नीतिहरूको सूचीहरू बनाउँथे। नयाँ करारमा त्यस्ता सूचीहरूको बारेमा धेरै उदाहरणहरू छन्। माथिका पदहरू केवल केही उदाहरणहरूमात्रै हुन्। पत्रुसका पाठकहरूलाई ती सूचीहरूको बारेमा थाहा थियो भन्ने कुरामा कुनै शङ्का छैन। पत्रुसले मानिसमा हुनुपर्ने सद्‌गुणहरूको सूचीलाई विशेष क्रमवद्ध रूपमा राखेका छन्। प्रत्येक गुण वा मानिसमा हुनुपर्ने असल बानी त्यस गुणमा आधारित गरेको छ जुन त्यसभन्दा अगाडिको गुण हुन्छ। त्यस सूचीको अन्तमा सबै गुणहरूको शिखरमा गुण प्रेम हो भनेर पत्रुसले औँल्याउँछन्।

२ पत्रुस १:५-७मा पत्रुसले उल्लेख गरेका प्रत्येक गुणको आआफ्नै विशेषता छः *विश्वास वा आस्थाः* पत्रुसले उल्लेख गरेको विश्वास अरू कुनै नभएर येशूद्वारा दिइने मुक्तिमाथिको विश्वास वा आस्था हो (यसमा पावलले यसरी सहमति जनाउँछन्ः गलाती ३:१०-१४ "१० व्यवस्थाका कामहरूमाथि भर पर्ने सबै श्रापित छन्, किनकि धर्मशास्त्रमा यसो लेखिएको छ, "व्यवस्थाको पुस्तकमा लेखिएका सबै कुरामा नरहने र ती पालन नगर्ने हरेक श्रापित हुन्छ।" ११ परमेश्वरको दृष्टिमा व्यवस्थाबाट कोही मानिस धर्मी ठहरिँदैन भन्ने कुरा प्रत्यक्ष छ। किनभने "धर्मीचाहिँ विश्वासद्वारा नै जिउनेछ।" १२ व्यवस्थाचाहिँ विश्वासमाथि आधारित छैन, बरु "जुन मानिसले यी काम गर्छ, त्यो तिनैद्वारा जिउनेछ।" १३ हाम्रा निम्ति सराप बनेर ख्रीष्टले हामीलाई व्यवस्थाको सरापबाट मोल तिरेर छुटाउनुभयो, किनकि "काठमा झुण्डिने हरेक श्रापित हुन्छ" भन्ने लेखिएको छ। १४ उहाँले हामीलाई मोल तिरेर छुटाउनुभयो, ताकि अब्राहामलाई दिइएको आशिष् ख्रीष्ट येशूद्वारा अन्यजातिहरूमा आओस्, र हामी विश्वासद्वारा प्रतिज्ञाका पवित्र आत्मा प्राप्त गर्न सकौं।" र हिब्रू १०:३५-३९ "३५ त्यसकारण आफ्नो यो भरोसा नत्याग, जसमा ठूलो इनामको प्रतिफल छ। ३६ परमेश्वरको इच्छा पूरा गर्न र प्रतिज्ञा गरिएको प्रतिफल प्राप्त गर्न तिमीहरू स्थिर रहनु आवश्यक छ। ३७ किनकि अब एकै छिनमा, "आउनुहुनेचाहिँ आउनु नै हुनेछ, र बियाँलो गर्नुहुनेछैन। ३८ तर मेरो धार्मिक जनचाहिँ विश्वासद्वारा बाँच्नेछ, र यदि ऊ पछि हट्छ भनेता म

उसँग खुशी हुनेछैनँ।" ३९ तर हामी पछि हट्ने र विनाश पारिनेहरूमध्येका होइनौं, तर विश्वास गरी बचाइएकाहरूमध्येका हौं।")।

***सद्गुण वा अरूको भलाई:*** सद्गुण वा अरूको हित खोज्ने आदत भन्ने शब्द ग्रीक भाषाको आरेट (*arête*)बाट आएको हो। आरेटको अर्थ कुनै कुराको सद्गुण वा भलाई हो। पौराणिक चिन्तकहरूमा मानिसहरूमा हुनुपर्ने यस गुण अत्यन्त अमूल्यको मान्दथे। सबै मानिसहरूको हित सबैले सोच्नुपर्दछ भन्ने पाठ तिनीहरूले सिकाउँदथे। हो, मानिसमा आस्था वा परमेश्वरमाथिको विश्वासको आवश्यकता छ र महत्त्वपूर्ण छ। तर विश्वासमात्रै गरेर पुग्दैन। त्यस विश्वासले मानिसको जीवनलाई परिवर्तन गर्नुपर्छ। यदि कोही मानिस परमेश्वरमा आस्था राखेर जिउँछ भने जे ठिक छ त्यही गर्ने वा अरूको हित गर्दै जिउने चाहनाले भरिपूर हुनुपर्छ।

***ज्ञान वा आत्मज्ञान:*** यहाँ पत्रुसले विशेष ज्ञानको बारेमा उल्लेख गर्दछ, त्यो ज्ञान हो येशू ख्रीष्टसँग मुक्ति पाएर जिउने आत्मज्ञान।

***आत्मसंयम वा आफूले आफूलाई बसमा राख्नसक्ने खुबी:*** येशूमा अनुभवी इसाईहरूले आफ्नो सोच, बिचार र चाहनाहरूलाई नियन्त्रण गर्न सक्षम् हुन्छन्। सोच वा विचारलाई नियन्त्रणमा राख्न सकेन भने त्यसले मानिसलाई भद्रगोल बनाउँछ वा चाहिनेभन्दा बढ्ता काम गर्न डोऱ्याउन सक्छ।

*निरन्तररूपमा अघि बढ्न चाहिने बल वा शक्ति:* दु:खकष्ट, प्रीक्षा वा सतावट आएको बेलामा पनि जे ठिक छ त्यही गर्न बफादार भएर बस्न मानिसलाई आत्मबलको आवश्यकता पर्छ। त्यो शक्ति परमेश्वरबाट आएको हुन्छ।

***ईश्वरीय जीवन वा धार्मिक अर्थात् भक्तिको जीवन:*** रोमी संसारमा भक्ति जीवन, आत्मिक वा धार्मिक जीवन भनेको जे ठिक छ त्यही गर्ने बानीलाई जनाएको हुन्छ। परमेश्वरलाई विश्वास गरेर नै भक्ति जीवन वा धार्मिक जीवन जिउन थालिन्छ। एक सत्य परमेश्वरलाई विश्वास गर्दा मानिसमा हुने परिवर्तित असल आचरण नै भक्ति वा धार्मिक जीवन हो भनेर नयाँ करारमा उल्लेख गरिएको छ (यस बारे पावलले लेख्दछन्: १ सर्वप्रथम म आग्रह गर्दछु, कि सबै मानिसहरूका निम्ति नम्र-निवेदन, प्रार्थना र मध्यस्थ-बिन्ती र धन्यवाद चढ़ाइऊन्, २ राजाहरू र सबै उच्च पदमा भएकाहरूका निम्ति पनि, ताकि हामी निर्धक्क र शान्तिपूर्ण भएर हरप्रकारले धार्मिक र आदरणीय जीवन बिताउन सकौं। ३ हाम्रा मुक्तिदाता परमेश्वरको दृष्टिमा यो असल र ग्रहणयोग्य छ। १ तिमोथी २:१-३)।

***दया वा भातृस्नेहः*** इसाईहरू एकै षरिवारका हुन्। यदि कोही मानिस भक्तिपूर्ण वा आत्मिक छ भने त्यसले एक आपसमा दयालु भएर व्यवहार गर्छ। इसाईहरू एकै परिवारका सदस्यहरू भएकोले येशूलाई माया गर्ने विश्वासीले तिनीहरूलाई स्नेहपूर्वक व्यवहार गर्छ। आत्मिक जीवनले सज्जित भएको व्यक्तिले इसाई परिवारमात्र होइन त्यसभन्दा बाहिरका मानिसहरूलाई पनि स्नेहपूर्वक व्यवहार गर्दछ।

***प्रेमः*** येशूभक्तमा हुनुपर्ने सबै असल गुणहरूको सूचीको अन्तको शिखरमा पत्रुसले प्रेमलाई उल्लेख गर्छन्। यहाँ १ कोरन्थी १३:१३मा पावलको भनाईमा उनले सहमति जनाएको पाउँछौं जसमा लेखिएको छः " अब विश्वास, आशा, प्रेम, यी तीन रहन्छन्, तर यिनमा सर्वोत्तमचाहिँ प्रेम नै हो।"

**येशूभक्तहरूमा हुनुपर्ने असल गुणहरूको सूची बनाउनुभन्दा पहिले पत्रुसले ती गुणहरू हामीमा गाभिन हामीले अत्यन्त धेरै प्रयास गर्नुपर्छ भनेर जिकिर गर्छन् (२ पत्रुस १:५)। त्यसको अर्थ के हो? आत्मिक र विश्वासको जीवन बिताउन मानव प्रयासको के भूमिका हुन्छ?**

## ३. तिमी जे छौ त्यही बन (२ पत्रुस १:८-११)

यदि हामी येशूका भक्तहरू हौं भनेर सार्वजनिक रूपमा देखाउन चाहन्छौं भने हामीहरूको आचरणमा विशेष लक्षण वा गुणहरू समावेस हुनुपर्छ। ती गुणहरू के के हुन् भनेर तिनीहरूको सूची बनाएर तिनीहरूलाई आर्जन गर्न कोशिश गर्नुपर्छ भनेर पत्रुसले हामीलाई आग्रह गर्छन्। अनि ती गुणहरूलाई हामीहरूको चरित्रमा समावेस गर्न सक्यौं भने त्यसको नतिजा के हुन्छ भनेर पनि उनले हामीलाई भन्दछन्।

**२ पत्रुस १:८-११मा पत्रुसले दुई महत्त्वपूर्ण भावनाहरू व्यक्त गर्छन्ः (१) येशूका विश्वासीहरूलाई के गरिसकेको छ सो थाहा पाउनु जरुरी छ। र (२) त्यसको कारणले येशूभक्तको जीवन कस्तो हुनुपर्छ भन्ने ज्ञानलाई आत्मसात् गरेर चल्नु आवश्यकताको महसुस गर्ने खुबी हुनुपर्छ। तर ती दुई व्यक्त गरिएका भावनाहरूको बीचमा आपसी सम्बन्ध कस्तो छ त? हेर्नुहोसः "८ किनकि यी कुराहरू तिमीहरूमा प्रशस्त छन् भने हाम्रा प्रभु येशू ख्रीष्टको ज्ञानमा यी कुराहरूले तिमीहरूलाई बेकम्मा र निष्फल हुनदेखि बचाउनेछन्। ९ किनकि यी कुराहरूमा अभाव भएको मानिसचाहिँ पुराना पापहरूबाट शुद्ध भएको कुरा बिर्सेर अन्धा र टाढ़ाका कुरा नदेख्नेजस्तो हुन्छ। १० यसैकारण भाइ हो,**

**तिमीहरूको बोलावट र चुनाउ निश्चय गर्नलाई अझ जोशिला होओ, किनकि यी कुरा गर्नाले तिमीहरू कहिल्यै लोट्नेछैनौ। ११ किनभने यसरी हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अनन्त राज्यभित्र तिमीहरूलाई भव्य स्वागतसाथ प्रवेश मिल्नेछ।"**

(नेपालमा हल्का रूपमा जय मसी वा बुझ्नेले जय मसीह अभिवादन गरेको जस्तो मात्र नगरेर) आफ्ना पाठकहरूलाई येशूमा पाइने पक्का तथा सक्कली जीवन बिताउन पत्रुसले आग्रह गर्छन्। (तिमीहरूमा भएको विश्वास, अरूको असल सोच्ने तथा गर्ने आदत्, आत्मज्ञान, आफूले आफूलाई नियन्त्रण गर्न सक्ने खुबी, सही बाटोमा जान चाहिने बलले सुसज्जित, पवित्र तथा इस्वरीय स्वभाव, दया र प्रेमले गर्दा) "तिमीहरू कस्ता रहेछौ भनेर तिमीहरूको बारेमा झन झन **बढि अरूहरूलाई** थाहा दिलाउनेछौ। जब तिमीहरूमा ती गुणहरू भयो भने तिमीहरूले येशू ख्रीष्टको बारेमा अझ असल ज्ञान थाहा पाउनेछौ। ती गुणहरूले तिमीहरूलाई उपयोगी र फलदायि बनाउँछन्" (२ पत्रुस १:८ रूपान्तरित)।

इसाई हुँ भनेर दावी त गर्छन् तर इसाईमा हुनुपर्ने आचरण वा येशूमा पाइने नयाँ सत्य (२ पत्रुस १:८) अनुसार सबै इसाईहरू चल्दैनन्। विगतका पापहरूबाट तिनीहरू सफा (२ पत्रुस १:९) भइसकेका छन् भन्ने ज्ञान तिनीहरूले बिर्सेका हुन्छन्।

येशू ख्रीष्टमा तिनीहरूले क्षमा पाएका हुन्छन्। उहाँमा भएको पवित्र तथा इस्वरीय स्वभावमा उहाँले तिनीहरूलाई सहभागी बनाउनुहुन्छ। त्यसले गर्दा "तिमीहरूलाई मुक्ति दिन परमेश्वरले रोज्नुभएको छ भनेर देखाउन धेरै कोशिश गर्नुपर्छ भनेर महसुस गर्नु जरुरी छ।।" (२ पत्रुस १:१० रूपान्तरित)। येशूलाई ग्रहण गरेपछि फेरि पनि पहिलेको जस्तो जीवन बिताउने बहाना कसैलाई छैन। कुनै पनि येशूभक्तले आफ्नो जीवनमा असल फल वा सद्गुणहरू नफलाउने बहाना छैन।

"विश्वासको मामिलाको बारेमा हामीहरूले धेरै सुन्छौं। तर कामको बारेमा पनि धेरै कुराहरू सुन्नु जरुरी छ। धेरै मानिसहरू आफूहरू इसाई हौं भनेर दावी गरेर आफूले आफैलाई धोका दिइरहेका छन्। किन त? तिनीहरू अत्यन्त सजिलो तथा रमाइलो जीवन बिताइरहेका हुन्छन्। तिनीहरूमा त्यस्ता किसिमको धर्म छ जसमा क्रुस छैन।"-एलेन जी ह्वाइट, फेथ एण्ड वर्कस्, पृ. ५०बाट रूपान्तरित।

पत्रुसले २ पत्रुस १:८-११मा व्यक्त गरेका भावनासँग पावलले रोमी ६:१-१३मा कसरी सहमति जनाउँछन्? हेर्नुहोस्: "१ अब हामी के भनौं? के अनुग्रह प्रशस्त मात्रामा होस् भनेर हामी पापमा लागिरहौं त? २ त्यसो नहोस्! हामी जो पापको लेखि मर्‍यौं, त कसरी हामी अझै त्यसैमा जिउनु? ३ के तिमीहरू जान्दैनौ हामी सबै, जतिले खीष्ट येशूमा बप्तिस्मा लियौं, उहाँकै मृत्युमा बप्तिस्मा लिएका थियौं। ४ यसकारण बप्तिस्माद्वारा हामी मृत्युमा उहाँसँगै गाडियौं, ताकि जसरी पिताको महिमाद्वारा खीष्ट मरेकाहरूबाट जीवित पारिनुभयो, त्यसरी हामी पनि नयाँ जीवनको मार्गमा हिंड़ौं। ५ यदि उहाँको मृत्युमा हामी उहाँसँग एउटै भएका छौं भने, उहाँको पुनरुत्थानमा पनि निश्चय नै हामी उहाँसँगै एक हुनेछौं। ६ हामी जान्दछौं कि हाम्रो पुरानो मनुष्यत्व उहाँसँग क्रूसमा टाँगियो, ताकि हाम्रो पापमय शरीर नाश होस्, र अब उसो हामी पापका कमारा नहोऔं। ७ किनभने जो मरेको छ त्यो पापबाट मुक्त भएको छ। ८ तर यदि हामी खीष्टसँग मरेका छौं भनेता उहाँसँग जिउने पनि छौं भन्ने विश्वास गर्दछौं। ९ हामी जान्दछौं कि खीष्ट मरेकाहरूबाट जीवित भएर फेरि मर्नुहुनेछैन। अब उसो उहाँमाथि मृत्युको राज्य हुँदैन। १० जुन मृत्युमा उहाँ मर्नुभयो त्यो पापको लेखि सधैंको लागि एकै पल्ट मर्नुभयो। तर जुन जीवनमा उहाँ जिउनुहुन्छ, त्यो परमेश्वरको निम्ति जिउनुहुन्छ। ११ यसै गरी तिमीहरूले पनि आफू-आफूलाई पापको लेखि मरेका, तर खीष्ट येशूमा परमेश्वरको लागि जीवित भएका ठान्नुपर्छ। १२ यसकारण शरीरका अभिलाषाअनुसार चल्नु नपरोस् भनी तिमीहरूका मरणशील शरीरमा पापलाई राज्य गर्न नदेओ। १३ आफ्ना शरीरका अङ्गहरू दुष्टताका साधनको रूपमा पाप गर्नलाई समर्पण नगर। तर मृत्युबाट जीवनमा ल्याइएका मानिसहरूजस्तै आफैलाई परमेश्वरकहाँ दिइहाल, र शरीरका अङ्गहरूलाई धार्मिकताका साधनजस्तै परमेश्वरकहाँ समर्पण गर।"

यथार्थमा दुवै इसाई योद्धाहरूले एउटै कुरा भनिरहेका छन्: "तिमीहरू जे हौ भनेर दावी गर्छौ त्यही अनुसार चल।" र हामीहरू को हौं त? हामीहरू येशूमा नयाँ सृष्टि हौं। हामीहरूका पापहरूबाट हामीले सफाई पाइसकेका छौं अर्थात् हामीहरूका पापहरू धोइएका छन्। उहाँको पवित्र, धार्मिक तथा ईश्वरीय जीवनमा उहाँले हामीलाई सहभागी गराउनुहुन्छ। त्यसैकारण हामी येशू जस्तै हुन सक्छौं। इसाई हुनु वा येशूभक्त हुनु भनेकै येशू जस्तै हुनु हो।

(यदि हामी उहाँ जस्तो छैनौं भने हामीले हामीलाई इसाई भन्न सुहाउँदैन- अनुवादकको टिप्पणी)।

**तपाईं इसाई भनेर दावी गर्नु त हुन्छ तपाईंमा येशूत्व कतिको छ? वा तपाईं कतिको येशू जस्तै हुनुभएको छ? उहाँ जस्तो हुन तपाईं के गर्न सक्नुहुन्छ?**

## ४. हाम्रो "पाल" रूपी शरीरको परिवर्तन (२ पत्रुस १:१३,१४)

सन् १९५६मा ओस्कार कलमान नाउँ गरेको एक जना बाइबलको विद्वानले एउटा सानो अध्ययन पुस्तिका लेखेका थिए। त्यसको शीर्षक थियोः इमोर्टालिटी अभ द सोल अर रिजरेक्शन अभ द डेड*?: द विटनेस अभ द न्यु टेस्टामेन्ट (के मानिस मरेपछि उसको आत्मा अमर हुन्छ र वा मृत्युबाट पुनरुत्थान हुन्छ र?: नयाँ करारमा त्यसको साक्षी)।* मानिस मरेपनि उसको आत्मा मर्दैन वा उसको आत्मा अमर छ भन्ने विभिन्न धर्म तथा संस्कारमा प्रचलित धारणा गलत हुन् भनेर उक्त लेखकले जिकिर गर्छन्। यदि मानिस मरेपछि उसको आत्मा अमर हुन्छ भने उसको पुनरुत्थानको औचित्य नभएको ठहर्छ अर्थात् बाइबलले सिकाएका येशूको आगमनमा हुने पुनरुत्थानको धारणालाई विश्वास गरियो भने मानिस मरेपछि उसको आत्मा अमर हुन्छ भन्ने सिद्धान्त वा विश्वाससँग सरासर मिल्दैन। नयाँ करारमा मानिस मरेपछि पुनरुत्थान हुन्छ भन्ने धारणालाई त्यस लेखक कलमानले सहमति जनाएका थिए।

"मेरो धेरै किताबहरूमध्ये त्यस किताबले धेरै मानिसहरूलाई जोशिलो बनाएको छ। त्यतिमात्र होइन आत्मा अमर छ भन्ने धारणा गलत छ भनेर मैले गरेको विश्वासलाई धेरै मानिसहरूले भयङ्कर विद्रोह पनि गरेका छन्।" कलमानले व्यक्त गर्दछन्।

**मानिस मरेपछि उसको अवस्था कस्तो हुन्छ वा के ऊ सिधै स्वर्ग वा नरकमा जान्छ वा उसको आत्मा यस पृथ्वीमा घुमिरहन्छ वा टायर पञ्चर हुँदा त्यसको हावा बाहिर बिलाए जस्तै मानिसको आत्मा जगतमा बिलाएर जान्छ र? भन्ने प्रश्नको जवाफमा प्रेरित पावलले के भन्दछ? हेर्नुहोस् १ कोरन्थी १५:११-५८ "११ यसकारण मैले भए पनि अथवा तिनीहरूले भए पनि, हामी जो प्रचार गर्दछौं, सो तिमीहरूले विश्वास गरेका छौ। १२ मृतकहरूबाट ख्रीष्ट पुनरुत्थान हुनुभयो भनी प्रचार गरिन्छ भने कसरी तिमीहरूमध्ये कसै-कसैले मृतकको**

पुनरुत्थान हुँदैन भनी भन्न सक्छौ? १३ तर यदि मृतकहरूको पुनरुत्थान हुँदैन
भनेता ख्रीष्ट पनि मृतकबाट पुनर्जीवित पारिनुभएको होइन। १४ यदि ख्रीष्ट
मृतकबाट पुनर्जीवित पारिनुभएको होइन भनेता हाम्रो प्रचार व्यर्थ हुन्छ, र
तिमीहरूको विश्वास पनि व्यर्थ हुन्छ। १५ त्यसभन्दा बढ़ी हामी परमेश्वरको
बारे झूटा साक्षीहरू ठहरिन्छौं, किनकि उहाँले ख्रीष्टलाई मृतकबाट पुनर्जीवित
पार्नुभयो भनी हामीले परमेश्वरको बारे गवाही दिएका छौं। तर साँच्चै
मृतकहरूको पुनरुत्थान हुँदैन भने उहाँले ख्रीष्टलाई पुनर्जीवित पार्नुभएन। १६
किनकि यदि मृतकहरूको पुनरुत्थान नहुने भए ता ख्रीष्ट पनि मृतकबाट जीवित
पारिनुभएन। १७ ख्रीष्ट पुनर्जीवित पारिनुभएन भने तिमीहरूको विश्वास व्यर्थ छ,
र तिमीहरू अझसम्म आफ्ना पापमा नै छौ। १८ तब त ख्रीष्टमा सुतिगएकाहरू
पनि नष्ट भएका छन्। १९ यदि यस जीवनको लागि मात्र ख्रीष्टमा हामीले
आशा राखेका हौं भने हामी सबै मानिसहरूभन्दा बढ़ी दयनीय हुन्छौं। २०
वास्तवमा ख्रीष्ट मृतकहरूबाट जीवित हुनुभएको छ। सुतिजानेहरूमध्येमा
उहाँचाहिँ प्रथम फल हुनुहुन्छ। २१ किनकि जसरी मानिसबाट मृत्यु आयो,
त्यसरी नै मृतकहरूको पुनरुत्थान पनि मानिसबाट नै आयो। २२ किनकि
जसरी आदममा सबै मर्दछन्, त्यसै गरी ख्रीष्टमा सबै जीवित पारिनेछन्। २३
तर हरेक आ-आफ्नै क्रमअनुसार, ख्रीष्टचाहिँ अगौटे फल, त्यसपछि उहाँको
पुनरागमनमा ख्रीष्टका आफ्नैहरू। २४ तब अन्त्य आउनेछ, जब उहाँले हरेक
शासन, हरेक अख्तियार र शक्ति नष्ट पारेर परमेश्वर, अर्थात् पितालाई राज्य
सुम्पिदिनुहुनेछ। २५ किनकि उहाँले आफ्ना सारा शत्रुलाई आफ्ना पाउमुनि
नपारुञ्जेल उहाँले राज्य गर्नैपर्छ। २६ सबैभन्दा पछि नष्ट पारिने शत्रु मृत्यु
हो। २७ किनभने परमेश्वरले सबै कुरा उहाँका पाउमुनि अधीनमा राख्नुभएको
छ। तर यो स्पष्ट छ, कि "सबै कुरा उहाँको अधीनमा राखिएको छ" भन्नाले
परमेश्वर आफै त्यस अधीनतामुनि हुनुहुन्न, जसले सबै कुरा ख्रीष्टको अधीनमा
राखिदिनुभएको हो। २८ जब सबै कुरा उहाँको अधीनमा ल्याइन्छन्, तब स्वयम्
पुत्र उहाँको अधीनमा हुनुहुनेछ, जसले सब थोक उहाँको अधीनतामा राख्नुहुन्छ,
ताकि परमेश्वर नै सबै थोकका सर्वेसर्वा होऊन्। २९ नत्रता मृतकहरूका
निम्ति बप्तिस्मा लिएको अर्थ के भयो? मृतकहरू जीवित नपारिने भए ता
तिनीहरूका निम्ति मानिसहरूले किन बप्तिस्मा लिन्छन्? ३० मचाहिँ किन
हरघड़ी जोखिममा परिरहेको छु। ३१ भाइ हो, हाम्रा प्रभु येशूमा तिमीहरूको
कारण म गर्व गर्दछु, र म भन्न सक्तछु, कि प्रतिदिन म मर्दछु। ३२ मान्छेकै

कुरा गर्नु हो भने, एफिससमा जङ्गली जनावरसँग मेरो लड़ाइँले मलाई के फाइदा
भयो र? मृतकहरू जीवित नहुने भए ता, "हामी खाऔं र पिऔं, किनभने भोलि त
हामी मरिहाल्छौं!" ३३ भ्रममा नपर। खराब सङ्गतले राम्रो चरित्रलाई नष्ट
पार्छ। ३४ होशमा होओ, अब उप्रान्त पाप नगर। किनकि कतिलाई त
परमेश्‍वरको ज्ञानै छैन। तिमीहरूलाई लज्जित तुल्याउनलाई मैले यो भनेको हुँ।
३५ तर कसैले सोध्ला "मृतकहरू कसरी पुनर्जीवित हुन्छन्, र तिनीहरू कस्ता
किसिमको शरीर लिएर आउनेछन्? ३६ हे मूर्ख! जे तिमी रोप्तछौ त्यो नमरिकन
सजीव हुँदैन। ३७ जे तिमी रोप्तछौ त्योचाहिँ पछि हुने शरीर होइन, तर बीउ
मात्र रोप्तछौ, चाहे त्यो गहूँ, अथवा अरू कुनै किसिमको अन्न होस्। ३८ तर
आफूलाई खुशी लागेबमोजिम परमेश्‍वरले त्यसलाई एउटा शरीर दिनुहुन्छ, र
हरेक किसिमको बीउलाई त्यसैको शरीर दिनुहुन्छ। ३९ सबै शरीर एकै
किसिमका हुँदैनन्। मानिसको शरीर एक किसिमको, र जीवजन्तुहरूको अर्कै
किसिमको, चराहरूको अर्कै किसिमको र माछाहरूको अर्कै किसिमको शरीर
हुन्छ। ४० अनि शरीर पनि स्वर्गीय र पार्थिव हुन्छन्। स्वर्गीय शरीरको तेज
एक किसिमको छ, र पार्थिव शरीरको तेज अर्कै किसिमको। ४१ सूर्यको तेज
एक किसिमको, चन्द्रमाको तेज अर्कै किसिमको, र ताराहरूको तेज अर्कै
किसिमका हुन्छन्। किनभने एउटा तारा अर्को ताराभन्दा तेजमा भिन्दै हुन्छ।
४२ मृतकहरूको पुनरुत्थान पनि त्यस्तै हो। जुन शरीर विनाशमा गाडिन्छ, त्यो
अविनाशमा जीवित हुन्छ। ४३ अनादरमा त्यो गाडिन्छ, महिमामा त्यो जीवित
हुन्छ। दुर्बलतामा त्यो गाडिन्छ, शक्तिमा त्यो जीवित हुन्छ। ४४ प्राकृतिक
शरीरमा त्यो गाडिन्छ, आत्मिक शरीरमा त्यो जीवित हुन्छ। प्राकृतिक शरीर छ
भने आत्मिक शरीर पनि अवश्य हुन्छ। ४५ यसकारण यस्तो लेखिएको छ,
"पहिलो मानिस आदम जीवित प्राणी भयो।" अन्तिम आदम जीवन दिने आत्मा
भयो। ४६ पहिलोचाहिँ आत्मिक होइन, तर प्राकृतिक हो, र त्यसपछि चाहिँ
आत्मिक हो। ४७ पहिलो मानिस माटोले बनिएको, पृथ्वीबाट हो। दोस्रो मानिस
स्वर्गको हो। ४८ माटोले बनिएको मानिसजस्तो थियो, माटोले बनिएकाहरू पनि
त्यस्तै हुन्छन्, र स्वर्गीय मानिस जस्तो छ, स्वर्गकाहरू पनि त्यस्तै हुन्छन्। ४९
जसरी हामीले माटोका मानिसको रूप धारण गरेका छौं, त्यसरी नै स्वर्गका
मानिसको रूप धारण गर्नेछौं। ५० अब भाइ हो, म तिमीहरूलाई यो भन्दछु,
मासु र रगत स्वर्गका राज्यको हकदार हुन सक्दैन, न त विनाश अविनाशको
हकदार हुन सक्छ। ५१ हेर, म तिमीहरूलाई एउटा रहस्य भन्दछु, हामी सबै

**सुत्दैनौं, तर हामी सबैको परिवर्तन हुनेछ, ५२ एकै क्षणमा, आँखाको एक निमेषमा, तुरहीको आखिरी आवाजमा। किनभने, तुरही बज्नेछ, र मृतकहरू अविनाशी भएर जीवित हुनेछन्। अनि हाम्रोचाहिँ परिवर्तन हुनेछ। ५३ किनकि यस विनाशी स्वभावले अविनाशी, र यस मरणशील शरीरले अमरत्व धारण गर्नुपर्छ। ५४ जब विनाशीले अविनाशी र मरणशीलले अमरत्व धारण गर्छ, तब लेखिएको त्यो वचन पूरा हुनेछ, "मृत्यु विजयमा निलिएको छ।" ५५ "ए मृत्यु, तेरो विजय कहाँ? ए मृत्यु, तेरो खील कहाँ? ५६ मृत्युको खील पाप हो, र पापको शक्ति व्यवस्था हो। ५७ तर परमेश्वरलाई धन्यवाद होस्, जसले हामीलाई हाम्रा प्रभु येशू ख्रीष्टद्वारा विजय दिनुहुन्छ। ५८ यसकारण मेरा प्रिय भाइ हो, स्थिर र अटल रहो। प्रभुको काममा सधैं बढ्दैजाओ। किनकि तिमीहरू जान्दछौ, कि प्रभुमा तिमीहरूको परिश्रम व्यर्थ हुँदैन।"**

**कलमानले** व्यक्त गरेका नयाँ करामा मानिसको मृत्यु र पुनरुत्थानको बारेमा सिकाएको शिक्षा ठिक हो भनेर प्रायजसो सबै नयाँ करारका विद्वानहरू सहमति भएका छन्। मानिस मरेपछि त्यसको पुनरुत्थान हुन्छ भन्ने धारणा नयाँ करारले सिकाउँछ, त्यसमा दुईमत छैन। तर मानिस मरेपछि उसको आत्मा उसबाट छुटिएर जीवित भएर बस्छन् भन्ने लोकमा चलेको विश्वासलाई नयाँ करारले सिकाउँदैन वा समर्थन गर्दैन। पावलको समयमा कतिपय विश्वासीहरू मर्दा जीवित विश्वासीहरू शोकले निराश भएका थिए। आफ्ना प्रिय जनहरू मर्दा दुःखित नहुन पावलले १ थेस्सोलिनिकी ४:१६-१८मा सान्त्वना दिन्छन्। येशूको दोस्रो आगमनमा तिनीहरू बौरि उठ्नेछन् भनेर ती शोकमा रहेका विश्वासीहरूलाई पावलले विश्वस्त पार्दछन्।

मानिसको पुनरुत्थानको बारेमा लामो व्याख्या पावलले १ कोरन्थी १५:१२-५७मा दिन्छन्। इसाईहरूको विश्वास येशूको पुनरुत्थानमा आधारित छ भनेर पावलले औंल्याएर आफ्नो धारणालाई अघि बढाउँछन्। यदि येशूको पुनरुत्थान भएन भने उहाँमा राखिने कुनै पनि विश्वास व्यर्थको हुन्छ भनेर उनले जिकिर गर्छन्। येशू ख्रीष्ट मृत्युबाट पुनरुत्थान हुनुभएको थियो भनेर पावलले विश्वाससाथ भन्दछन्। मरेकाहरूबाट पुनर्जिवित हुनेमा उहाँ प्रथम् हुनुहुन्थ्यो भनेर उनी भन्दछन्। त्यसको अर्थ मरेपछि पुनरुत्थान हुने सबै मानिसहरूमा उहाँ पहिलो हुनुहुन्थ्यो। त्यसकारण येशू ख्रीष्ट कै पुनरुत्थानले उहाँमा मर्नेहरू सबैको पुनरुत्थान हुन्छ भन्ने सम्भावना भएको उनले पुष्टि गर्छन्।

जब विश्वासीहरूको पुनरुत्थान हुन्छ तब तिनीहरूको शरीर नयाँ किसिमको हुन्छ भनेर पावलले १ कोरन्थी १५:३५-४०मा चर्चा गर्छन्। अहिले हामीहरूको नाश हुने शरीर र पुनरुत्थानको समयमा हामीले पाउने कहिल्यै पनि नाश नहुने शरीरको बीचमा के भिन्नता छ भनेर पावलले देखाउँदछन्। अहिले हामीमा भएको शरीर मर्नेछ। तर पुनरुत्थानमा पाउने हामीहरूको शरीर कहिल्यै पनि मर्नेछैन।

त्यसकारण, मृत्युसँग पुनरुत्थान कसरी जोडिएको छ भन्ने शिक्षा नयाँ कराररले स्पष्ट रूपमा देखाएको पाउँछौं। साथै मानिस मरेपछि उसको आत्मा अमर हुन्छ भन्ने लोकप्रिय धारणालाई बाइबलले सिकाउँदैन। जब हामी २ पत्रुस १:१२-१४ पढ्छौं तब पुनरुत्थानको बारेमा दिएको सही सत्यलाई बुझ्न जरुरी छ भनेर हामी थाहा पाउँछौं।

## ५. मृत्युको सामना गर्नुपरेतापनि विश्वासमा अटल भएर बस्नु (२ पत्रुस१:१२-१७)

**आफ्नो शरीर छिट्टै त्याग्नेछु भनेर पत्रुसले भनेको अर्थ के हो?२ पत्रुस १:१२-१५ पढ्नुहोस्: "१२ यसकारण यी कुराहरू तिमीहरूलाई म सधैं सम्झाउनेछु, यद्यपि तिमीहरू यी सब जान्दछौ, र तिमीहरूमा भएको सत्यतामा तिमीहरू स्थिर छौ। १३ जबसम्म म यस शरीरमा छु, तिमीहरूलाई सम्झना गराउँदै सचेत पार्नु म उचित ठान्छु। १४ किनभने म जान्दछु, हाम्रा प्रभु येशू ख्रीष्टले मलाई देखाइदिनुभएको छ कि मेरो यो शरीर त्याग्ने बेला चाँड़ै नै आइरहेछ। १५ मेरो मृत्युपछि पनि तिमीहरूले यी कुराहरू कुनै पनि समय सम्झन सक भनी म प्रयत्न गर्नेछु।"**

आफ्नो दोस्रो पत्र किन लेखेको हो भन्ने कारण पत्रुसले २ पत्रुस १:१२-१४मा दिन्छन्। चर्चको निम्ति यो पत्र उनको अन्तिम पत्र थियो। २ पत्रुस १:१३,१४मा उनको अन्तिम पत्र लेखिएको कारण सोच्नु जरुरी छ। पत्रुसले आफ्नो मृत्यु छिट्टै हुने अपेक्षा गरेका थिए। पत्रुसले त्याग्नुपर्ने थोकलाई आफ्नो शरीर भनेर सम्बोधन गर्छन्। कुनै अङ्ग्रेजी अनुवादहरूमा शरीलाई "पाल" भनेर अनुवाद गरिएको छ भने कुनैमा टेबरानकल अर्थात् पवित्र मन्दिर भनेर अनुवाद गरिएको छ। (नेपाली अनुवादमा पत्रुसको शरीरलाई शरीर नै भनेर सम्बोधन गरिएको छ)। आफू जिइएको थोक शरीर, पाल वा मन्दिर अब छिट्टै त्यागिने छ भनेर भन्नुको अर्थ उनको मृत्युलाई उनले

सम्बोधन गरेका थिए तर त्यसमा उनी मरेपछि उनको आत्मा अमर भएर बस्नै छ भन्ने कुनै आभास् दिएको छैन। त्यसकारण उनको शरीर, पाल वा मन्दिरलाई उनको मृत्युबाट हटाइनेछ वा त्यागिनेछ भनेर पत्रुसले व्यक्त गर्दछन्। तर त्यसमा उनको शरीरबाट उनको आत्मा छुटेर वा अलग भएर जीवितै बस्नेछ भन्ने कुरालाई उनले महसुस गराएका छैनन्।

**२ पत्रुस १:१३-१५ फेरि पढ्नुहोस्। आफ्नो आउने मृत्युलाई उनले कसरी हेरेका छन्? आफ्नो मृत्युको बारेमा थाहा पाएतापनि पत्रुसले परमेश्वरमाथि भएको आफ्नो विश्वास र भावनालाई कस्तो प्रतिवद्धतासाथ पक्रिराखेको थियो र त्यसबाट हामीले के सिक्नु जरुरी छ?**

आफ्नो जीवनको अन्त अब छिट्टै हुनेछ भन्ने कुरालाई जानेर पत्रुसले २ पत्रुस १:१२-१५मा नआत्तिएर आफ्नो भविष्यको बारेमा व्यक्त गर्दछन्। उनको मृत्युले ल्याउने उनमाथिको खराब कुराको डर उनलाई नभएको उनले देखाएकाछन्। बरू उनी मरेपछि परमेश्वरमा विश्वास गर्नेहरूको हित उनले सोच्दछन्। बरू तिनीहरूमा भएको सत्यता अर्थात् कुनै अनुवादमा लेखिएको बर्तमान वा समय सापेक्षित सत्यतामा बलियो भएर उभिनु भनेर उनले आग्रह गर्छन्। तिनीहरू नमरून्जेल अर्थपूर्ण रूपमा तिनीहरू बाँचिरहन चाहन्छन् भने तिनीहरूले तत्काल विश्वास गरेका सत्यको आवश्यकता हुन्छ। अर्थात् जबसम्म पत्रुस जिवितै रहन्छ तबसम्म विश्वासीहरूलाई आफ्नो विश्वासमा कतिवद्ध भएर बस्न उनले याद दिलाउँदै रहनेछ उनले भन्न खोजेका थिए।

आफ्नो प्रभुप्रति पत्रुसको अनुभव कस्तो गहिरो र सक्कली रहेछ भन्ने कुरा हामीले त्यसम देख्न सक्छौं। उनलाई थाहा थियो उनको मृत्यु त्यतिको सजिलो हुनेछैन (यूहन्ना २१:१८। उनको मृत्युको बारेमा एलेन जी ह्वाइटले *आक्टस् अभ आपोस्टलस* पृ. **५३७, ५३८मा टिप्पणि गर्दछिन्)।** पत्रुसले आफ्नो मृत्युको बारेमा चिन्ता गर्दैनन् तर उनको मृत्युपछि रहेका अरू विश्वासीहरूको बारे उनले चासो देखाएका थिए। साँच्चिक्कै भन्नुपर्दा पत्रुस अत्यन्त निस्वार्थी व्यक्ति थिए जो विश्वासको बारेमा भाषण छाँट्नेमात्र नभएर आफूले सिकाएको अनुसार जिउने खालको व्यक्ति थिए।

**मृत्युको भयाभव दृष्यको हामीले सामना गर्नुपर्दा हामीहरूमा भएको विश्वासले त्यसलाई कुन रूपमा हेर्दछन्? येशूले हाम्रो निम्ति के गर्नुभयो जसले हामीलाई आशावान बनाउँछ? यस जीवनमा आउने अनेकौं विपत्ती वा मृत्यु नै आएपनि येशूमा भएको अचम्मको आशालाई हामी कसरी पक्रिराख्ने?**

**उपसंहारः**

**थप जानकारीः** पत्रुसले आफ्नो मृत्यु छिट्टै हुनेछ भन्ने कुरा उनलाई थाहा थियो भनेर हामीले हेऱ्यौं। येशूले यूहन्ना २१:१८मा भन्नुभए अनुसार आफ्नो मृत्यु कसरी हुनेछ भनेर पनि उनलाई थाहा थियो।

तर इतिहास र एलेन जी ह्वाइटका अनुसार उनको मृत्यु कसरी भएको थियो त?

"(रोममा) पत्रुस विदेशी र यहूदी भएर भित्रिएका थिए। उनलाई कोर्राको कोर्रा लगाइएको थियो र अन्तमा उनलाई क्रुसमा टाँगिएको थियो। त्यस किसिमको आतङ्कित मृत्युको निम्ति पत्रुसले आफूलाई तयारी गरेका थिए। येशूको बिरुद्धमा मुद्दा चलाइएको बेलामा उहाँलाई चिनेको छैन भनेर उहाँबाट तर्किएर भागेको अत्यन्त महापापलाई उनले सम्झेका थिए। एक फेरा क्रुसलाई अङ्गाल्न पत्रुस तयार थिएनन्। तर अब सुमाचारको निम्ति आफ्नो जीवन त्याग गर्नुपर्ने कुराले उनलाई आनन्दित तुल्याएको थियो। फेरि त्यसैवखत आफ्नो प्रभुबाट भागेको वा उनलाई चिनेको छ भनेर स्वीकार नगरेको कुरालाई उनले बिर्सेका थिएनन्। त्यसकारण उनको स्वामी कसरी मरे त्यसरी नै मर्न वाध्य हुनुपर्दा आफूले ठूलो सम्मान पाएको अनुभव गरेका थिए। येशूलाई अस्वीकार गरेर गरेको पापप्रति उनी साँच्चिक्कै दुःखित थिए। येशू ख्रीष्टले उनलाई क्षमा दिइसक्नुभएको थियो। आफ्ना भेंडा र पाठाहरूलाई ख्वाउन येशूले आग्रह गर्नुभएर उहाँले पत्रुसलाई क्षमा दिएको देखाउनुभएको थियो। तर पत्रुसले आफूले आफैलाई कहिल्यै पनि माफि दिन सकेका थिएनन्। न त क्रुसमा उनले कस्तो किसिमको भयानक पीडा भोग्नुपर्नेछ भन्ने सोचले पनि आफ्नो पापले गर्दा अनुभव गरिरहेको तितो शोकलाई कम गराउन सकेका थिएनन्। त्यसकारण, उनको मृत्युमा उनलाई मार्नेहरूलाई एउटा अन्तिम चाहनाको अनुरोध गरेका थिए। आफ्नो शीर तल र खुट्टाहरू माथि राखेर क्रुसमा झुन्ड्याउन आफूलाई मार्नेहरूलाई अनुरोध उनले गरेका थिए। उनको अनुरोधलाई स्वीकार गरेको थियो। त्यसकारण पत्रुसलाई उधोमुन्टो लगाएर वा शीर तल राखेर काँटी ठोकेका थिए। यसरी क्रुसमा उनको मृत्यु भयो।"-एलेन जी ह्वाइट, द आक्टस् अभ द आपोस्टल्स, पृ. ५३७,५३८बाट रूपान्तरित। उनको आउनेवाला मृत्युको बारेमा थाहा पाएतापनि उनले आफ्नो बारेमा चिन्ता नगरेर अन्तिम अवस्थामा पनि आफ्नो बगालको आत्मिक हितको चिन्ता उनले व्यक्त गरेका थिए।

**चिन्तनमननः**

अ. इसाईहरू आफू इसाईं हुँ भनेर दावी गर्न सक्षम हुन र तिनीहरूले पवित्र तथा शुद्ध जीवन जिउन कस्तो कस्तो आचरणहरू अपनाउनुपर्छ भनेर पत्रुसले लेखेका सबै बिषयबस्तुहरूको बारेमा सोच्नुहोस्। तैपनि, कतिपय इसाई भनाउँदा मानिसहरूले देखावटी रूपमा मात्रै इसाई भन्छन् तर येशूमै रहेर उनको चरित्र देखाउन किन असफल भइरहेका छन्?

आ. १ पत्रुस १:५-७ फेरि पढेर सोच्नुहोस्। त्यहाँ लेखिएका सद्गुणहरू हामीहरूको जीवनमा गाभेर अरूलाई येशूभक्तको पहिचान कसरी दिने?

इ. बिगत समयमा येशूसँगको मामिलामा पत्रुस चुकेका थिए। तर पछि उनको जीवनमा ख्रीष्टले अत्यन्त प्रभावकारी रूपमा काम गर्नुभएको थियो भनेर पत्रुसका लेखहरूले बताउँछन्। पत्रुसको उदाहरणद्वारा हामीले कस्तो आशा र सान्त्वना लिन सक्छौं?

ई. पत्रुसले वर्तमान वा समय सापेक्षिक वा तिनीहरूले जानेका सत्यको बारेमा २ पत्रुस १:१२मा पत्रुसले लेख्दछन्। त्यसबेला विश्वासीहरूले अपनाएका सत्य के हो? पत्रुसको समयममात्र होइन हामीहरूको समयमा पनि अङ्गाल्नुपर्ने समयसापेक्षित सत्य के हो?

म सेनामा भर्ति हुन मैले सन्दुकमा लुगाहरू राखें र जानलाई तयार भएँ। मेरो बुबाले मेरो कुममा हात राखेर बाइबल पनि लैजानु भनेर दिनुभयो।

"परमेश्वरप्रति बफादारी हुन्छु" भनेर मैले बुबालाई वचन दिएँ। मलाई थाहा थियो कि सैनिक जीवन सजिलो छैन तैपनि परमेश्वरमाथि विश्वास राखिराख्न म कोशिश गर्छु भन्ने अठोट ममा थियो।
अरू युवाहरूसँग मपनि सैनिकमा भर्ति भएँ र हामी आधारभूत तालिम दिने सिविरमा गयौं। सेनाको अधिकृतले हामीहरूलाई हिँडाउनेबेलामा जतिसक्यो त्यति कठिन पारिदिएको थियो। हामीहरूले हातघुँडा टेकेर नदी पार गर्नु परेको थियो। जब हामी नदीको गहिरो भागमा पुग्यौं तब गऱ्हुँगो झोला बोक्दै पौडी खेलेर पार गरेका थियौं।

जब हामीले नदी पार गऱ्यौं तब हामीहरूको झोला भिजेर धेरै भारी भएको थियो। तर आराम गर्न र त्यसलाई सुकाउन हामीलाई मौकै दिइएको थिएन। अनि हामी छिटोछिटो हिँड्न थाल्यौं। जब हामी सिबिरमा आइपुग्यौं तब हामीलाई अर्को कसरतहरू गर्न अऱ्हाइएको थियो। हामीहरूको गर्‍हौं झोलाहरू खोलेर सुत्नेबेलामा राति अबेर भइसकेको थियो।

मैले झोलाबाट लुगाफाटाहरू निकालें। सबै थोक निथ्रुक्क भिजेको थियो। तिनीहरूलाई निचोरेर सुकाएँ। अनि मेरो आँखा मेरो बुबाले दिनुभएको बाइबलमा पऱ्यो। ओहो, त्यो त निथ्रुक्क भिजेर नाश भयो होला भनेर मैले ठूलो दुःख मानें। तर जब मैले त्यसलाई छोएँ तब त्यो त सुख्खा थियो। मलाई अचम्म लाग्यो। मैले त्यस बाइबललाई झोलाबाट झिकें। त्यो त सुकेको थियो। मेरो झोलामा भएको सबै थोक फोहर पानीले निथ्रुक्क भिजेको थियो-तर बाइबल भने सुकेको थियो। यो सफा पनि थियो। परमेश्वर मसँग हुनुहुन्छ भनेर मलाई याद आयो।

अत्यन्त कडा आधारभूत तालिममा मैले कहिलेकाहीं परमेश्वरको सुन्दर उपस्थितिलाई बिर्सिन्थें। मैले शब्बथलाई पालन गर्न चाहेको थिएँ तर त्यो मुश्किल थियो। शब्बथ पालन गर्न मैले अवसर पाउँ भनेर मैले परमेश्वरसँग प्रार्थना गरें।

अनि सेनाले सेनाका छोराछोरीहरूलाई सिकाउन शिक्षकको खोजी गरिरहेको भनेर मैले थाहा पाएँ। मैले तुरुन्तै त्यो काम गर्न निबेदन दिएँ।

बालबालिकाहरूलाई पढाउन मैले काम पाएकोले म कृतज्ञ भएँ। शब्बथमा मैले काम गर्नुपरेको थिएन।

जब म सेनामा थिएँ, प्रायजसो मैले मेरो विश्वासको बारेमा अरूलाई सुनाउन अवसर पाएको थिएँ। मसँगै कोठामा सुत्ने साथीले बाइबलको बारेमा धेरै चर्चा गर्दथ्यो। उसले मलाई एक दिन भन्योः "अरूभन्दा तिमी फरक भएको मैले देखेको छु।" सुसमाचार प्रचार गर्न भेला भएको समयमा उसलाई पनि त्यसमा सम्मिलित हुन मैले अनुरोध गरैं। पछि उसले पनि आफ्नो जीवन येशूलाई सुम्पेको थियो।

अर्को सिपाहीं मुसलमान थियो। उनी इसाई भएको उनका बुबाको इच्छा थिएन। तर ऊ एडभेन्टिस्ट स्कुलमा पढेको थियो र येशूलाई आफ्नो जीवन दिन तयार भएको थियो। परमेश्वरको बारेमा हामीले धेरै चर्चा गर्दथ्यौं। पछि आएर उपनि एडभेन्टिस्ट भयो।

मलाई थाहा थियो  कि परमेश्वर मसँग हुनुहुन्छ। तालिमको पहिलो दिनमा उहाँले मेरो बाइबललाई सुकाइराख्नुभएको थियो। शब्बथ पालन गर्न उहाँले सम्भव बनाइदिनुभएको थियो। सैनिक जीवनमा पनि अरूलाई येशूतिर डोऱ्याउन पनि उहाँले सहयोग गर्नुभएको थियो।

(यस कथाको लेखक मार्टिन बनगोना क्यामरुनको बासिन्दा हुन्)।